**प्रश्न नं. ७५**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.९०२८ देखि ९१४९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

बुवा खड्गबहादुर वि.क.को जाहेरीले नेपाल सरकार

बिरुद्ध

मकवानपुर जिल्ला भैसे गाउँपालिका वडा नं. ५ घर भई हाल थुनामा बस्ने कमला वि.क.

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मेरो छोरा राजु वि.क. मिति २०७५।०८।६ गते विहान जिल्ला मकवानपुर भैंसे गाउपालिका. वडा नं. ७ स्थित ज्ञानबहादुर वि.क. को घरमा मृत अवस्थामा रहेको भन्ने जानकारी पाई म समेत घटनास्थलमा गै हेर्दा छोराको मृत्यु भएको देखी के कसरी मृत्यु भएको हो भन्ने सम्बन्धमा बुझ्दा वुहारी कमला वि.क.ले छोरालाई टाउकोमा लठ्ठीले प्रहार गरी केही दिन अगाडि घाईते बनाई दिएकी रहिछन । टाउकोमा गम्भीर चोट समेत भएको र नाति रन्दिप वि.क. को भनाइअनुसार पनि कमलाले नै टाउकोमा दाउराले कुटपीट गरेको भनी बताएको हुँदा कानूनबमोजिम गरी लाश सतगतको लागि जिम्मा पाऊँ भन्ने समेत व्यहोराको मृतक राजु वि.क. को बुबा खड्गबहादुर वि.क. को जाहेरी दरखास्त ।

२. मृतक राजु वि.क.को कपाल लामो, टाउकोमा केही पुरानो घा खत भएको, सो घाउको लम्बाई साढे दुई इञ्च, चौडाई २ इञ्च र गहिराई २ इञ्च भएको, सो घाउवाट रगत, पीप एवं गिदी जस्तो पदार्थ निस्की वगेको, पछाडि ढाडमा ३ ठाउँमा र दायाँ गोडाको नलीखुट्टामा १ ठाउँमा घाउ रहेको भन्ने समेत व्यहोराको मृतकको लाश प्रकृति मुचुल्का ।

३. कुटपीटबाट टाउकोमा गम्भीर चोट लागी मृत्यु भएको भन्ने समेत व्यहोराको मृतक राजु वि.क.को लाश परीक्षण प्रतिवेदन ।

४. मेरो पति राजु वि.क.ले मिति २०७५।०८।०६ गते छिमेकीको घरमा पुजामा गएको अवस्थामा,मलाई रु.२००।- नगद तैले झिकिस भनी आरोप लगाएको र घरमा आएपछि पनि मिति २०७५।८।६ गते तँ यहाँ नवस् भनी कपडाहरू फाली दिएकाले आपसमा झगडा भै पतिले मलाई कुटपीट गर्न थालेपछि मलाई एक्कासी रिस उठी निज पतिले लिएको दाउराले एकपटक निज पतिको टाउकोमा

## प्रश्न नं. ७५

प्रहार गरेको थिएँ, उपचार गर्न भन्दा नमानी जाँड रक्सी खाई बसेका थिए । पछि निज पतिको मामाघरमा गै मृत्यु भएको रहेछ । मैले मार्ने नियतले हिर्काएको होइन, अचानक लागेको हो भन्ने समेत व्यहोराको प्रतिवादी कमला वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

५. प्रतिवादी कमला वि.क. र मृतक राजु वि.क.का वीच झगडा वादविवाद भनाभन भै मृतकले यी प्रतिवादी कमला वि.क.लाई गाली गर्दै निस्केर जा भनी वाहिर कपडा फाली कुटपीट गर्न खोजेकोले रिस थाम्न नसकी मृतकको हातमा भएको दाउरा खोसी टाउकोमा प्रहार गरी घाउ चोट पुर्याई सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई दाउराले टाउकोमा कुटपीट गर्दा सोही कारणबाट मिति २०७५।१२।१४ गते ऐनको म्याद भित्रै मृतकको मृत्यु हुन गएको हुँदा प्रतिवादीले मुलुकी अपराध संहिता २०७४ को दफा १७७. बमोजिमको कसूर अपराध गरेकोले निज प्रतिवादी कमला वि.क. उपर सोही संहिताको दफा १७९ बमोजिम संजाय गरीपाउँ भन्ने अभियोगपत्र

६. कमला वि.क. ले शुरु अदालतमा गरेको कसुरमा इन्कारी बयान ।

७. अभियोग दावीबमोजिम मकावनपुर जिल्ला अदालतको मिति को फैसला ।

८. शुरु फैसला उल्टी गरी भवितव्यमा सजाय गरिपाऊँ भन्ने प्रतिवादी कमला वि.क.को पुनरावेदन पत्र ।